नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)


पत्र सं.: २०८२/०८३

चलानी नं.: ९१९

मिति: २०८२/०८/२४

नेपाल संवत् ११४६

विषयः अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०८२ मनाउने सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार व्यवस्थापन शाखाको प.सं. २०८२/०८३, च.नं. १२३, मिति २०८२/०८/२३ को अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०८२ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..........
(दीपेश कट्टेल)
शाखा अधिकृत

**बोधार्थः**

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।


सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार व्यवस्थापन शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:- १२३

मितिः- २०८२/०८/२३
ने.स. ११४६, थिंलागा पञ्चमी

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०२५ मनाउन आवश्यक समन्वय तथा पत्राचार सम्बन्धमा।

प्रस्तुत विषयमा अन्तर्राष्ट्रियस्तरमा प्रत्येक वर्ष १८ डिसेम्बर अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाईने गरेको सन्दर्भमा नेपालले पनि यस वर्ष २०२५ को उक्त दिवसलाई मिति २०८२ पौष १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम सहित सप्ताहव्यापी रूपमा मनाउन गइरहेको व्यहोरा अवगतार्थ अनुरोध छ। साथै यस वर्षको **Theme: "Honoring the contributions of migrants and respecting their rights"** रहेको छ भने राष्ट्रिय मूल नारा **"श्रम आप्रवासनका चक्रमा सुशासनः सुरक्षित, मर्यादित र सीपयुक्त आप्रवासन"** तय गरिएको छ। यस मन्त्रालयमा मिति २०८२/०८/२१ गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा सम्बद्ध निकाय र सरोकारबाला सहित बसेको बैठकले **"सप्ताहव्यापी रूपमा विविध कार्यक्रमहरू स्वयं तय गरी कार्यान्वयन गर्न सक्ने गरी सबै स्थानीय तहहरुलाई तहाँ मन्त्रालय मार्फत पत्राचार गर्ने"** निर्णय गरेको छ। अतः सोही अनुसार अन्तर्राष्ट्रिय आप्रवासन दिवस, २०२५ मनाउन सबै स्थानीय तहहरुलाई आवश्यक समन्वय तथा पत्राचार गरी दिनुहुन आदेशानुसार अनुरोध छ।

२०८२/०८/२३
(ममता कुमारी)
शाखा अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

निर्णयहरु:

१. अन्तर्राष्ट्रिय आप्रवासन दिवस डिसेम्वर १८,२०२५ सप्ताहव्यापी रुपमा मनाउने सम्बन्धमा सरोकारवालाहरुवीच छलफल गरि भव्य र सभ्य रुपमा मनाउनको लागि देहायका निर्णयहरु गरी जिम्मेवारी समेत बाँडफाँड गरियो ।

Theme: **Honoring the contributions of migrants and respecting their rights.**

नारा: **"श्रम आप्रवासनका चक्रमा सुशासनः सुरक्षित, मर्यादित र सीपयुक्त आप्रवासन"** भन्ने राष्ट्रिय नारा तय गर्ने निर्णय गरियो ।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव, श्री पिताम्वर घिमिरेज्यूको संयोजकत्वमा यस मन्त्रालयका सबै महाशाखा प्रमुख, अन्तर्गतका विभाग, प्रतिष्ठान, बोर्ड तथा कोषका प्रमुख, विकास साझेदार संस्थाहरु, सरोकारबाला सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख वा प्रतिनिधि सदस्य रहने र सदस्य सचिव वैदेशिक रोजगार व्यवस्थापन शाखाका शाखाप्रमुख रहने गरी मूल समारोह कार्यक्रम व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियों।

३. अन्तर्राष्ट्रिय आप्रवासन दिवस सप्ताहव्यापी रुपमा सरोकारवाला संस्था स्वयंले कार्यक्रम तय गरी मनाउनको लागि सबै प्रदेश सरकार, स्थानीय तहहरु र विदेशस्थित नियोगहरुमा समन्वय गर्नका लागि क्रमश: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र परराष्ट्र मन्त्रालय मार्फत पत्राचार गर्ने निर्णय गरियो ।

४. कार्यक्रमका लागि आवश्यक बोर्ड तथा व्यानर डिजाइन तथा प्रकाशन लगाएतका तय भएका तथा पछि तय हुने कार्यक्रमरु संचालन गर्न कार्यक्रम व्यवस्थापन समितिको बैठकले आवश्यकता अनुसाका कार्यक्रम व्यवस्थापन उपसमिति गठन गर्न सक्ने निर्णय गरियो ।

५. सप्ताहव्यापी रुपमा मनाइने कार्यक्रमका लागि देहायका मुख्य क्रियाकलापहरु संचालन गर्ने तथा जिम्मेवारी बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र. सं. | मिति | समय | कार्यक्रम | मुख्य जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १. | डिसेम्वर ८, मंसिर २२ देखि | विहान ११ बजे | सप्ताह भरी नै ७ वटा थिममा श्रीमान सचिव ज्यूको भिडियो सन्देश तयार गरी युट्युव लगाएतका सामाजिक संजालमा प्रशारण गर्ने । | श्रम ,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय को आयोजना तथा रा. स. स , नेपाल टेलिभिजन र रेडियो | स्थान र समय मुल समारोह समितिको निर्णय र |

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नेपालकको प्राविधिक सहयोग । | मुख्य जिम्मेवार निकायको अनुकुलतामा आंशिक फेरवदल गर्न सकिने । |
| २. | डिसेम्वर ८, मंसिर २२ | विहान ११ बजे | सातवटै प्रदेश, कुटनैतिक नियोगहरु तथा स्थानिय तहहरुमा आप्रवासन सप्ताह मनाउन पत्राचार गर्ने। क्रमश प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ,परराष्ट्र मन्त्रालय तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ,, ,, |
| ३. | डिसेम्वर ८, मंसिर २२ | | डिसेम्वर १८, पौष ३<br>नेपाल टेलिकम र एनसेल मा कलर रिङ व्याकमा मूल नारा सहितको सन्देश प्रशारण को लागि तयारी तथा पत्राचार | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा रेडियो नेपाल तथा नेपाल टेलिभिजनको प्राविधिक सहयोग । | ,, ,, |
| ४. | डिसेम्वर १६, पौष १ | विहान ११ बजे देखि १ | श्रम विट हेर्ने पत्रकारहरुसंग अन्तरक्रिया तथा प्रेस नोट जारी गर्ने । | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय को आयोजना IOM नेपालको प्राविधिक सहयोग तथा अन्य सरोकारवालाहरुको सहभागिता । | ,, ,, |
| ५. | डिसेम्वर१६, पौष १ | | रक्तदान तथा स्वास्थ्य शिविर कार्यक्रम | वैदेशिक रोजगार स्वास्थ्य व्यावसायी महाँसंध | ,, ,, |
| ६. | डिसेम्वर १७, पौष २ | साँझ ३ वजे | फुटसल प्रतियोगिता | वैदेशिक रोजगार व्यवसायी संघ | ,, ,, |
| ७. | डिसेम्वर १८, पौष ३ | | सम्माननिय प्रधानमन्त्री ज्यू तथा श्रीमान सचिव ज्यूको शुभकामना सन्देश प्रकाशन । | वैदेशिक रोजगार वोर्डको सचिवालय | ,, ,, |

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | डिसेम्वर १८, पौष ३ | विहान ७ वजे | सिंहदरबारको संसद सचिवालयबाट राष्ट्रपति कार्यलय सम्म Walk for migrant worker right Walkathon | JTUCC and IOM | ,, ,, |
| ९. | डिसेम्वर १८, पौष ३ | विहान ११ वजे देखि | आप्रवासनको व्यवस्थापन तथा पुनर्एकिकरणका चुनौतीहरु विषयका अन्तरक्रिया कार्यक्रम | वैदेशिक रोजगार वोर्डको सचिवालय तथा रेमि कार्यक्रम | ,, ,, |
| १०. | डिस्मवर १९, पौष ४ | दिनको समय | आप्रवासनको सवल र दुर्लभ पक्षहरुको सन्दर्भमा वादविवाद अथवा निवन्ध लेखन प्रतियोगिता प्रतियोगिता संचालन | सामजिक सुरक्षा कोष तथा पूर्व प्रस्थान अभिमुखिकरण तालिम महाँसंघ | ,, ,, |
| ११. | डिसेम्वर १९ देखि २२, पौष ४ देखि ७ | बिहान देखि बेलुकासम्म | मूल समारोह समितिलाई जानकारी गराइ विभिन्न संघ संस्थाहरुले दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गर्ने । | सरोकारवाला सबै संघसंस्थाहरु | ,, ,, |
| १२. | डिसेम्वर १९, पौष ४ | दिनको ३ बजे | वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र श्रम अधिकार विषयक अन्तरक्रिया | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र BHR | ,, ,, |
| १३. | डिसेम्वर २२, पौष ७ भित्र | | श्रम गन्तव्य मुलुकहरुका नेपालस्थित राजदुत एवं दुतावासहरुलाई Thank you letter प्रदान गर्ने । | NNSM को प्राविधिक सहयोगमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ,, ,, |
| १४. | हसाभरी | | त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा वैदेशिक रोजगारीमा जाने कामगारको लागि संदेशमुलक ब्रोसर वितरण गर्ने । | वैदेशिक रोजगार बोर्ड र सा. सु. कोष | ,, ,, |

सचिव